तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाल्जे, कालीकोट

## कर्णाली प्रदेश, नेपाल

## तिलागुफा नगरपालिका क्षेत्र भित्रको खानी तथा खोला/नदीबाट उत्खनन/संकलन हुने बालुवा संकलन तथा बिक्री शुल्क दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०९/१२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) कोउपदफा (२) को खण्ड घ (६) अनुसार यस तिलागुफा नगरपालिका बाट आ.व.२०७८/०७९ को सम्झौता भएको मिति देखि २०७९ आषाढ मसान्त सम्मको लागि देहायबमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यस नगरपालिकाको आ व ०७४/०७५ मा २०७५/०३/१५ स्थानीय राजपत्र भाग १ को आर्थिक ऐन २०७५ मा उल्लेखित दर बमोजिम संकलन तथा बिक्री गर्ने गराउने गरी तल उल्लेखित परिमाणमा अनुमानीत गरिएका बालुवा संकलन तथा बिक्री शुल्क संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुबाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी ८ औं दिनको १२:००बजे बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | कर तथा दस्तुर संकलन क्षेत्र | इकाई | परिमाण | न्यूनतम ठेक्का मूल्य (मू.अ.क बाहेक) | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २/२०७८ /०७९ | तिलागुफा नगरपालिका, ८ तलिबन र गडुलनुहानी खोला क्षेत्र भित्रको निजी खानी तथा खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने वालुवा, बिक्री तथा संकलन, शुल्क संकलन कार्य । | घन मिटर | ३४१.५५ | ६८३१०.०० (अठसट्ठी हजार तिन सय दस मात्र ) | कवोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम | १०००/- (एक हजार मात्र) | |
| ४/२०७८ /०७९ | तिलागुफा नगरपालिका, १ भिग्म क्षेत्र भित्रको निजी खानी तथा खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने वालुवा, बिक्री तथा संकलन, शुल्क संकलन कार्य । | घन मिटर | १५०६.७५ | ३०१३५०.००(तीन लाख एक हजार तीन सय पँचास मात्र ) | कवोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम | १०००/- (एक हजार मात्र) | |

**शर्तहरु :**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०७८/७९ सम्मको फर्म नविकरण, आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७६/०७७ को म्याद थप कर चुक्ता प्रमाणपत्र र यस नगरपालिकाको नाममा रहेको नेपाल इन्भेस्टमेन्ट बैंक ,नागमा संचित कोष खाता नं ०६२०१४००२५०००९ मा रु.

नि. प्रमुख प्रशासकीय अधिकृत

१०००/- (अक्षरेपी रु. एक हजार मात्र) जम्मा गरी सोको सक्कलै भौचर सहित पेश गरि सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयमा खरिद गरि ८ औं दनिको १२:००बजे सम्म पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट बैंक , नाग्म शाखामा रहेको धरौटी खाता नं.०६२०१०५०२५०३८२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नुपर्ने छ ।

३. वोलपत्र फाराम खरिद एंव दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

४. प्राप्त हुन आएका वोलपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिनको १:०० बजे प्रस्तावदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

५. नेपाल सरकारका प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयमले तिर्नुपर्नेछ ।

६. वालुवा शूल्क संकलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | इकाई | दर (विक्री शुल्क) मु.अ.कर वाहेक |
|---|---|---|---|
| १. | वालुवा घाटगद्यी एंव बिक्री | प्रति घन मिटर | २०० |

७. बोलपत्र दाताले BOQ मा आफुले कबुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन स्पष्टसँग लेखु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. कुल कवोल अंकलाइ दुई किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र बाँकी ६० प्रतिशत रकम वा अन्तिम किस्ता फाल्गुण मसान्त भित्र दाखिला गर्नुपर्नेछ । उपरोक्त बमोजिम तोकिएको समयावधि भित्र ठेक्का किस्ता रकम दाखिला नगरेमा यस कार्यालयको पक्षमा जारी भई प्राप्त बैंक जमानीबाट ठेक्का किस्ता असुल गरिनेछ । ठेक्का कवोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर वापतको रकम बरावरको १३ महिना अवधि भएको कार्यसम्पादन जमानत समेत सम्झौताका बखत पेश गर्नुपर्नेछ । ठेकेदारले नियमानुसारको मु.अ.कर तोकिएको समयावधि भित्र दाखीला नगरेमा उक्त जमानतबाट असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गरिनेछ । साथै ठेकेदारले कबोल गरेको अंकभन्दा कम रकम संकलन भई ठेक्का रकम भन्दा कम मु.अ.कर दाखीला भएमा नपुग रकम स्वीकृत बोलपत्रदाताले दाखीला गरी सो को जानकारी कार्यालयलाई गराउनुपर्नेछ । अन्यथा यस कार्यालयको पक्षमा जारी बैंक जमानतबाट असुल गरी मु.अ.कर रकम दाखीला गरिनेछ ।

९. ठेक्का कबोल गर्ने ठेकेदारले तिलागुफा नगरपालिकाले तोकेको कर संकलन गर्दा प्रयोग गर्ने संकलन तथा बिक्रि तर्फको रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगरेको रसिदबाट कर संकलन गरेको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

१०. ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिकरुपमा बुझाई सोको प्रमाण मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

Bhusal

नि. प्रमुख प्रशासकीय अधिकृत

११. प्रथम किस्ता बुझाए पछी हुन आउने बाँकी रकमको हकमा २०७९ साल माघ मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड ) पेश गर्नु पर्ने छ ।

१२. न्यूनतम ठेक्का रकम अनुमान/निर्धारण गर्दा नगर क्षेत्र भित्र हाल दर्ता प्रकृयामा रहेका खानी तथा उद्योगहरुको सम्भावित कारोबारहरु लाई समावेश गरिएको छ । स्वीकृत लागत अनुमानमा उल्लेखित क्षेत्रको अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई आएमा र नेपाल सरकारको निर्णय बमोजिम नेपाल सरकार/दातृनिकाय द्धारा सञ्चालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माण जन्य सामाग्रीको विक्रिको हकमा सम्बन्धीत आयोजना (स्वीकृत IEE को परिधिभित्र रहि) ले प्रयोग गरेका परिमाणको आधारमा नगरपालिकाले छुटै रुपमा ठेक्का वन्दोवस्त गर्नेछ ।

१३. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्कातोडेमा निजबाट असुल हुनबाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपरगरिनेछ । यसरी ठेक्का तोडि बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदार बाट असुल उपर गरिने छ।

१४. सेवा शुल्क कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ ।त्यस सम्वन्धमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन, साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण कर हरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ ।

१५. परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदीका कारणले केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्नपाइने छैन । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालय लाई स्वीकार हुने छैन ।

१६. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१७. यस सूचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१८. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

१९. बालुवा संकलन, उत्खनन् तथा बिक्रिका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र तिलागुफा नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

२०. प्रदेश सरकार/उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधी मा भएको व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

२१. आ.व. ०७७/०७८ का लागि कर संकलन शुरु मिति सम्झौतामा उल्लेखित भए अनुसार हुनेछ ।

२२. यस सम्बन्धमा थप जानकारी तिलागुफा नगरपालिकाको कार्यालय,गाल्जे, कालिकोट बाट प्राप्त गर्न सकिने छ ।

प्रि. प्रमुख प्रशासकीय अधिकृत